## नेत्रावती डबजोङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ | संख्याः ३ | मितिः २०७५/११/२४


## भाग-२

## नेत्रावती डबजोङ गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## आधारभुत तहको परिक्षा सञ्चालन निर्देशिका ,२०७५

नेत्रावती डबजोङ गाउँपालिका अन्तर्गत रहेका विद्यालयको आधारभुत तहको परिक्षा सञ्चालन गर्न नेत्रावती डबजोङ गाउँपालिकामा विद्यालय शिक्षा सञ्चालन ,व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि ,२०७४ अनुसार नेत्रावती डबजोङ गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्न बनेको ऐन,२०७४ को अधीनमा रही यो नेत्रावती डबजोङ गाउँपालिकाको आधारभूत तहको परिक्षा सञ्चालन निर्देशिका,२०७५ गाउँकार्यपालिकाले स्वीकृत गरेको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम नेत्रावती डबजोङ गाउँपालिकाको आधारभूत तहको परिक्षा सञ्चालन निर्देशिका,२०७५ रहेको छ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "अध्यक्ष" भन्नाले नेत्रावती डबजोङ गाउँपालिकाको अध्यक्षलाईसम्झनु पर्दछ ।

(ख) “प्रमुख प्रशासकिय अधिकृत” भन्नले नेत्रावती डबजोङ गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(ग) “आधारभूत तह परिक्षा समिति” भन्नाले यस निर्देशिका बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(घ) “कार्यालय ”भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “विद्यालय” भन्नाले नेत्रावती डबजोङ गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ ।

(च) “प्रधानाध्यापक” भन्नाले विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

(छ) “शिक्षक” भन्नाले विद्यालयमा अध्यापन गरिरहेको शिक्षकलाई सम्झनु पर्दछ ।

(ज) “शिक्षा” अधिकृत भन्नाले नेत्रावती डबजोङ गाउँपालिकाको शिक्षा अधिकृत सम्झनु पर्दछ ।

(झ) “स्रोत व्यक्ति ” भन्नाले नेत्रावती डबजोङ गाउँपालकाको स्रोत व्यक्ति सम्झनु पर्दछ ।

(ञ) “केन्द्राध्यक्ष” भन्नाले यस निर्देशिका बमोजिम आधारभूत तहको परिक्षा केन्द्रको केन्द्राध्यक्ष सम्झनु पर्दछ ।

(ट) “निरिक्षक ” भन्नाले यस निर्देशिका बमोजिम आधारभूत तहको परिक्षा केन्द्रमा खटिएको निरिक्षक सम्झनु पर्दछ ।

(ठ) “केन्द्र” भन्नाले परिक्षा केन्द्र सम्झनु पर्दछ ।

**३ निर्देशिकाको पालना गर्नु पर्ने** : (१) नेत्रावती डबजोङ गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुले पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

## परिच्छेद -२

## आधारभूत तह परिक्षा समितिको गठन र सञ्चालन

**४. आधारभूत तह परिक्षा समितिको गठन** : (१) प्रमुख प्रशासकिय अधिकृतको अध्यक्षतामा तपशिल बमोजिमका सदस्यहरु रहने गरि ५ (पाँच) सदस्यीय आधारभूत तह परिक्षा समिति गठन हुनेछ ।

**तपशिल :**

(क) अध्यक्ष : प्रमुख प्रशासकिय अधिकृत

(ख) सदस्य : प्रमुख प्रशासकिय अधिकृतले माध्यामिक र निम्न माध्यामिक विद्यालयको प्रधानाध्यापकहरु मध्ये बाट मनोनित गरेको तिन(३) जना सदस्य

(ग) सदस्य सचिव : शिक्षा अधिकृत /स्रोत व्यक्ति

(घ) आधारभूत तह परिक्षा समितिको बैठक आवश्यकता अनुसार बस्न सकिनेछ ।

**५. आधारभूत तह परिक्षा समितिको काम , कर्तव्य र अधिकार :**

(क) आधारभूत तहको परिक्षाको तयारी, सञ्चालन, अनुगमन तथा नतिजा प्रकाशन गर्ने ।

(ख) परिक्षालाई मर्यादित, व्यवस्थित, नियमन गर्ने ।

(ग) केन्दाध्यक्ष तथा निरिक्षक खटाउने ।

(घ) परिक्षा केन्द्र निर्धारण गर्ने ।

(ङ) प्रश्न पत्र , उत्तरपुस्तिका र परिक्षा सामाग्री उपलब्ध गराउने ।

**६. परिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) कक्षा ५ (पाँच) र कक्षा ८ (आठ) को गाउँपालिका स्तरीय परिक्षा गर्ने ।

(२) कक्षा ५(पाँच) को परिक्षा सञ्चालन सम्बन्धीत विद्यालयमा नै परिक्षा केन्द्र निर्धारण गरि सञ्चालन गर्ने ।

(३) कक्षा ८(आठ)को परिक्षा केन्द्र परिवर्तन गरि परिक्षा सञ्चालन गर्ने ।

(क) भौगोलिक हिसाबले अन्य केन्द्रमा परिक्षार्थी कठिन हुने लागेमा समितिले अर्को विद्यालयको शिक्षकलाई केन्द्राध्यक्ष/निरिक्षक खटाई सम्बन्धित विद्यालयमा नै परिक्षा सञ्चालन गर्न सक्नेछ ।

**७. केन्द्राध्यक्ष सम्बन्धी व्यवस्था :**

(१) परिक्षा केन्द्रको केन्द्राध्यक्ष परिक्षा केन्द्र रहेको विद्यालयको प्रधानाध्यापकलाई केन्द्राध्यक्षले नियुक्त गर्नेछ ।

(क) माध्यामिक तह र निम्न माध्यामिक तहको दरबन्दीको शिक्षक प्रधानाध्यापक नभएमा केन्द्र रहेको विद्यालयको अन्य माध्यामिक तह र निम्न माध्यामिक तहको दरबन्दीको शिक्षकलाई केन्द्राध्यक्ष नियुक्त गर्नेछ ।

(ख) केन्द्र रहेको विद्यालयमा कुनै पनि शिक्षक माध्यामिक तह र निम्न माध्यामिक तहको दरबन्दी नभएमा अन्य विद्यालयको माध्यामिक तह र निम्न माध्यामिक तहको दरबन्दीको शिक्षकलाई नियुक्त गरि खटाउन सक्नेछ ।

(२) केन्द्राध्यक्षले निरिक्षकको व्यवस्था आवश्यकता अनुसार तोक्नेछ ।

(३) केन्द्राध्यक्षले परिक्षालाई मर्यादित ,व्यवस्थित रुपमा सञ्चालन गरि तोकिएको समयमा उत्तर पुस्तिका शिलबन्दि गरि स्रोत केन्द्रमा सुरक्षित साथ पुऱ्याउनु पर्नेछ ।

(४) केन्द्राध्यक्षले जिम्मेवारी पूर्वक काम नगरेमा परिक्षा समितिको कुनै पनि पदाधिकारीले सचेत गर्ने र आवश्यक ठानेमा तुरुन्त जिम्मेवारीबाट हटाई अर्को केन्द्राध्यक्ष खटाउन सक्नेछ ।

**८. परिक्षा सञ्चालन खर्च सम्बन्धी व्यवस्था :**

(१) आधारभूत तह परिक्षा समितिको बैठक नियमानुसार र अनुगमनको भत्ता नियमानुसार पाउनेछ ।

(२) केन्द्र रहेको विद्यालयको केन्द्राध्यक्षले दैनिक रु.५०० भत्ता पाउनेछ । तर अन्य विद्यालयबाट खटाई जाने केन्द्राध्यक्षलाई दैनिक यातायात खर्च रु.३०० थप गरि रु. ८०० भत्ता पाउनेछ ।

(३) केन्द्र रहेको विद्यालयको निरिक्षले दैनिक रु.२०० भत्ता पाउनेछ । तर अन्य विद्यालयबाट खटि जाने निरिक्षकलाई दैनिक यातायात खर्च रु.३०० थप गरि रु. ५०० पर्ने छ ।

(४) कोडिङ डिकोडिङ र तालिकिकरण गरे बापत प्रति उत्तरपुस्तिका कक्षा ८ (आठ) को रु. ८ र कक्षा ५ (पाँच) को रु.६ भत्ता पाउनेछ ।

(५) कक्षा ८ को उत्तरपुस्तिका परिक्षण गरेबापत १०० पूर्णाङ्कको प्रति उत्तरपुस्तिका रु. १८ र ५० पूर्णाङ्कको प्रति उत्तरपुस्तिका रु. १२ भत्ता पाउनेछ ।

(६) कक्षा ५ को उत्तरपुस्तिका परिक्षण गरेबापते प्रति उत्तरपुस्तिका रु.१२ भत्ता पाउनेछ ।

(७) प्रश्न पत्र , उत्तरपुस्तिका र परिक्षा सामाग्रीको परिक्षा समितिले उपलब्ध गराउनेछ । बिल भरपाई अनुसार गाउँपालिकाले भुक्तानी दिने छ ।

(८)प्रश्नपत्र तथा उत्तरपुस्तिका केन्द्र सम्म ढुवानी गर्न प्रति केन्द्र रु ८०० उपलब्ध गराउने ।

**९. लब्धांकपत्र / ग्रेड सिट र मार्क लेजर सम्बन्धमा :**

(१) लब्धांकपत्र ग्रेड सिट अनुसूचि १ बमोजिम हुनेछ ।

(२) मार्क लेजर अनुसूचि २ बमोजिम हुनेछ ।

## परिच्छेद -३

## विविध

**(१०) अभिलेख :** परिक्षा सम्बन्धि कामको अभिलेख राख्नुपर्ने छ ।

**(११) बाधा,अड्चन,फुकाउ** : गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

## अनुसूचि १

## (दफा ९ को उपदफा १ सँग सम्बन्धित)

Netrawati Dabjong Rural Municipality

Basic Education Examination Committee

Semjong, Dhading , 3 No. Province, Nepal

**BASIC EDUCATION EXAMINATION (GRADE-8) - 207**

GRADE- SHEET

**SYMBOL NO.:**

The Grades Secured by Mr/Miss………………………… son/daughter of **………………**

….. and ………………… student of ………………………………………

**has appeared in the Annual Examination of 207…. B.S. (20…… A.D.) and completed Basic Education Examination (Grade 8)**.
According to school record his/her date of birth is…………

| SN | SUBJECTS | CREDIT HOUR | Obtained Grade | | FINAL GRADE | GRADE POINT | Remarks Marks |
|---|---|---|---|---|---|---|---|
| | | | TH | PR | | | |
| 1 | Nepali | 4 | | | | | |
| 2 | English | 4 | | | | | |
| 3 | Mathematics | 4 | | | | | |
| 4 | Science | 4 | | | | | |
| 5 | Social Stu. & Population | 4 | | | | | |
| 6 | Occupation Business & Technical Edu. | 4 | | | | | |
| 7 | Computer Education | 4 | | | | | |
| 8 | Moral Education | 2 | | | | | |
| 9 | Health & Physical Edu. | 2 | | | | | |
| **GRADE :** | | | | | | | |
| **GRADE POINT AVERAGE (GPA) :** | | | | | | | |
| **Result:** | | | | | | | |

**D+ : Partially Acceptable, D: Insufficient, E: Very Insufficient**

TH : **Theory**

PR : **Practical**

@ **Absent**

**…………………………** **……………** **………………**

**HEAD TEACHER** **CHECKED BY** **VERIFIED BY**

**DATE OF ISSUE : B.S.**

**अनुसूचि २**

**(दफा ९ को उपदफा २ सँग सम्बन्धित)**

Class 8 Mark Ledger

| | | | | | Nepali | | | | | | | English | | | | | | | Mathematics | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| SN | Symbol no. | Name of the Students | Father's Name | DOB | TH (75) | Th. G | PR. (25) | P. G | Nepali | FG | FG.P. | TH (75) | Th. G | PR. (25) | P. G | Total M | FG | FG.P. | TH (100) | Total M | FG | FG.P. |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

| Science | | | | | | | Social Stu. & Population | | | | | | | Occupation Business & Technical Edu. | | | | | | | Computer Education | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| TH (75) | Th. G | PR. (25) | P. G | Total M | FG | FG.P. | TH (75) | Th. G | PR. (25) | P. G | Total M | FG | FG.P. | TH (50) | Th. G | PR. (50) | P. G | Total M | FG | FG.P. | TH (50) | Th. G | PR. (50) | P. G | Total M | FG | FG.P. |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| Moral Education | | | | | | | Health & Physical Edu. | | | | | | | Total | | | | Result | Position |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| TH (25) | Th. G | PR. (25) | P. G | Total M | FG | FG.P. | TH (30) | Th. G | PR. (20) | P. G | Total M | FG | FG.P. | Total Marks | % | G | GP | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

प्रमाणीकरण मितिः २०७५।११।२४

आज्ञाले,

डिलमान शाक्य

प्रमुख प्रशासकीय अधिकृत